नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

फोन नं.- ०६४-४२०१३३,४२१४१६
फ्याक्स नं.- ०६४-४२०१८९
Email: dao.gorkha@gmail.com
URL: daogorkha.moha.gov.np

मिति २०७७।६।२

## जिल्ला प्रशासन कार्यालय, गोरखाको अनुरोध

कोभिड - १९ को सक्रमण नियन्त्रण, रोकथाम र व्यवस्थापनको लागि गोरखामा रहनु हुने सम्पुर्ण महानुभावहरु, विभिन्न पेशाकर्मी, सञ्चारकर्मी, नागिरक समाजका सघसस्थाहरु एवं सरकारी कार्यालयहरुले निम्नानुसार गर्नु गराउन हुन जिल्ला प्रशासन कार्यालय, गोरखा सबैमा हार्दिक अनुरोध गर्दछ । सबै सचेत रही कोभिड-१९ को सम्भावित सङ्क्रमणबाट आफु बचौ, अरुलाई बचाउँ ।

**व्यक्ति/परिवार/आम नागरिकले गर्नु पर्ने**

- व्यक्तिगत/पारिवारिक सचेतना अपनाउने,
- बेला बेलामा सावुन पानीले हात धुने, सेनिटाइजर लगाउने,
- आफ्नो टोल, घर आँगन सरसफाई गरी सँधै सफा राख्ने,
- घरमा समुहमा बसेमा मास्क लगाउने,
- घर बाहिर जाँदा अनिवार्य रुपमा मास्क लगाउने,
- सकेसम्म पाहुनाको रुपमा नजाने, नबेलाउने, जानै पर्ने/ बोलाउनु पर्ने अवस्था आएमा विशेष सतर्कता अपनाउने,
- आफु र आफ्नो परिवारको स्वास्थ्य सुरक्षामा ध्यान दिने,
- आफ्नो बस्ती तथा समुदायलाई सुरक्षित राख्न पहल गर्ने।

**उद्योगी/व्यवसायी/व्यापारीले गर्नु पर्ने**

- उद्योग सञ्चालकहरुले स्वास्थ्य सुरक्षा मापदण्ड पूर्ण रुपमा पालना गराउने: जस अन्तर्गत मास्क लगाउने, मास्क लगाउन लगाउने, सेनिटाइजर प्रयोग गर्ने गराउने, पञ्जा लगाउने, आवश्यक स्थानमा भाइजर, एप्रोन लगायतका सामाग्री लगाउने
- व्यापार गर्ने व्यक्तिले मास्क लगाउने, पञ्चा लगाउने, सेनिटाइजर राख्ने, लगाउने र ग्राहकलाई पनि लगाउन दिने,
- भौतिक दुरी कायम गर्न पसलमा डोरी लगाउने,
- एकै पटक धेरै जनाको भीड हुन नदिने, भिड नियन्त्रण गर्न गोलो घेरा बनाउने,
- व्यक्तिगत र संस्थागत सरसफाईमा ध्यान दिने।

**यातायात सञ्चालक तथा व्यवसायीहरुले गर्नु पर्ने**

- सबै व्यवसायीहरुले आफ्ना सवारी साधनलाई प्रत्येक दिन सङ्क्रमण मुक्त गराउने,
- चालक, सहचालकले अनिवार्य रुपमा मास्क तथा पञ्जा लगाउने,
- यात्रुले अनिवार्य मास्क, पञ्जा लगाएको नलगाएको हेर्ने, नलगाएको भए गाडी धनीले व्यवस्थापन गर्ने,
- सबै सवारी साधनमा अनिवार्य सेनिटाइजर राख्ने, चालक, सहचालक तथा यात्रुले समय समयमा सेनिटाइजर प्रयोग गर्ने र गर्न लगाउने,
- सवारी साधन सञ्चालन गर्दा पालना गर्नु पर्ने आचारसंहिता कडाइका साथ पालना गर्ने
- आफु सुरक्षित रहने र यात्रुलाइ सुरक्षित राख्ने,
- सवारी साधनको कुल क्षमताको ५० प्रतिशत सिटमा मात्र यात्रु चढाउने,

२०७७।६।२
प्रमुख जिल्ला अधिकारी

फोन नं.- ०६४-४२०१३३,४२१४१६
फ्याक्स नं.- ०६४-४२०१८९
Email: dao.gorkha@gmail.com
URL: daogorkha.moha.gov.np

- निर्धारित गरेको भाडाको ५० प्रतिशत भन्दा बढी नलिने,
- संस्थाले बनाएको कार्ययोजना प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,
- यात्रु बोकेका सवारी साधनमा नियमित स्व-अनुगमन गर्ने ।

गोरखा उद्योग वाणिज्य संघ/ गोरखा चेम्बर अफ कमर्स/यातायात व्यवसायी कम्पनीहरुले गर्नु पर्ने

- आ-आफ्ना सदस्यहरुलाई व्यक्तिगत तथा संस्थागत सुरक्षा मापदण्ड पालना गर्न लगाउने,
- स्वास्थ्य सचेतनाका पर्चा, व्यानर बनाउने,
- सचेतनाका अन्य विभिन्न कार्यक्रम सञ्चालन गर्ने,
- स्व-नियमन तथा अनुगमन गर्ने,
- स्थानीय पालिका, प्रहरी तथा प्रशासनलाई सहयोग गर्ने,
- सूचना आदानप्रदान गर्ने, समन्वय र सहकार्य गर्ने ।

गोरखामा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संघसंस्थाले गर्नु पर्ने:

- आ-आफ्नो कार्य क्षेत्रका आम बासिन्दा तथा गोरखाबासीहरुलाइ कोभिड-१९ सचेतना कार्यक्रम सञ्चालन गर्ने
- स्वास्थ्य सचेतनाका पर्चा, व्यानर बनाउने,
- सचेतनाका विभिन्न कार्यक्रम सञ्चालन गर्ने,
- स्वास्थ्य सामाग्रीको व्यवस्थापन गरी सम्बन्धित पालिकाको समन्वयमा वितरण गर्ने,
- सूचना आदानप्रदान गर्ने, समन्वय र सहकार्य गर्ने,
- स्थानीय पालिका, जिल्ला समन्वय समिति, जिल्ला प्रहरी तथा जिल्ला प्रशासनलाई सहयोग गर्ने ।

पत्रकार महासघ तथा नागिरक समाजका सघसस्थाहरुले गर्नु पर्ने:

- आफु र आफ्ना सदस्यहरुलाई स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्न लगाउने,
- आन्तरिक समन्वय गर्ने, प्रचार प्रसार र सञ्चार गर्ने,
- कुनै स्थानमा असामान्य परिस्थिति देखिएमा स्थानीय प्रशासनलाई सूचना दिने,
- स्वास्थ्य सचेतना सम्बन्धमा एफ.एम. रेडियो तथा स्थानीय पत्रिकामा सन्देश प्रशारण तथा प्रकाशन गर्ने ।

जिल्लाका सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालय / निकायहरुले गर्नु पर्ने

- व्यक्तिगत तथा संस्थागत स्वास्थ्य सुरक्षा मापदण्ड पुर्ण रुपमा कार्यान्वयन गर्ने,
- सबै कर्मचारीले मास्क र पञ्चा लगाउने, धेरै जनसम्पर्क हुने कक्षमा बस्ने कर्मचारीलाई भाइजरको व्यवस्था गर्ने, समय समयमा सेनीटाइजर लगाउने, हात धुने व्यवस्था गर्ने,
- कार्यालयमा भिडभाड हुन नदिने, भिडभाड हुने अवस्था आएमा टोकन प्रणाली वा अन्य प्रक्रियाबाट पालो प्रणाली अवलम्बन गर्ने कार्ययोजना बनाई लागु गर्ने,
- सेवाग्राही अभिलेख राख्ने,
- छिटो छरितो, चुस्त सेवा प्रवाह गर्ने,
- सकेसम्म अनलाईन मार्फत सेवा प्रवाह गर्ने ।

२०७७।६।१२

प्रमुख जिल्ला अधिकारी